# आठौ बैठक

आज मिति २०७९ साल साउन २६ गते बुधबारको दिन दिउँसो १२ बजे दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिकाको **आठौ** बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री **लोकेन्द्र राई**ज्यूको अध्यक्षतामा बसेको बैठकमा तपशील बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशीलका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

१. गाउँ कार्यपालिका अध्यक्ष श्री लोकेन्द्र राई

२. गाउँ कार्यपालिका उपाध्यक्ष श्री अरुणा थापा

३. वडा नं. १ का वडाध्यक्ष श्री केशव कुमार खत्री

४. वडा नं. २ का वडाध्यक्ष श्री बद्री कटुवाल

५. वडा नं. ३ का वडाध्यक्ष श्री भुपेन्द्र बस्नेत

६. वडा नं. ४ का वडाध्यक्ष श्री बबेन्द्र राई

७. वडा नं. ५ का वडाध्यक्ष श्री डम्बर बहादुर खड्का

८. वडा नं. ६ का वडाध्यक्ष श्री मिलन राई

९. वडा नं. ७ का वडाध्यक्ष श्री गन्धमान थापा

१०. गाउँ कार्यपालिका सदस्य श्री विमला परियार

११. गाउँ कार्यपालिका सदस्य श्री निर्मला श्रेष्ठ (मकाजु)

१२. गाउँ कार्यपालिका सदस्य श्री कृष्ण कुमारी राई

१३. गाउँ कार्यपालिका सदस्य श्री स्वास्तिका भुजेल

१४. गाउँ कार्यपालिका सदस्य श्री कला परियार

१५. गाउँ कार्यपालिका सदस्य श्री सुब्बा माझी

१६. प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव) श्री लोकेन्द्र बहादुर राई

**प्रस्तावहरुः-**

१. गाउँपालिका स्तरीय दररेट निर्धारण सम्बन्धमा
२. न्यायिक समिति गठन सम्बन्धमा
३. शिक्षा समिति गठन सम्बन्धमा
४. जग्गा वर्गीकरण गर्ने सम्बन्धमा

५. कर्मचारी नियुक्ति सम्बन्धमा

६. संस्था, व्यवसाय र सहकारी दर्ता अभिलेख सम्बन्धमा

७. कृषि तथा पशु फर्म र कृषक समूह अभिलेख खाता र नवीकरण कार्ड सम्बन्धमा

८. वार्षिक प्रगति सम्बन्धमा

९. विविध सम्बन्धमा

**निर्णयहरुः-**

**निर्णय नं. १**

प्रस्ताव नं. १ का विषयमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले गाउँपालिका भित्र निर्माण कार्य गर्न, सरकारी खरिद गर्न, ढुवानी गर्नका लागि ज्यालादर, ढुवानी रकम, मुल्यदर, भाडादरको लागि न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था भएकोले दररेट सम्बन्धमा छलफल, विश्लेषण र सिफारिस गर्नेको लागि तपशील सदस्यहरु रहने भनी दररेट समिति गठन गर्ने र दररेटको प्रस्ताव आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने भनी सर्वसहमतमा निर्णय गरियो।

**तपशीलः-**

**दररेट समिति**

संयोजक-श्री मिलन राई

सदस्य- श्री बद्री कटुवाल

सदस्य- श्री निर्मला श्रेष्ठ (मकाजु)

सदस्य- गाउँपालिका स्तरीय व्यापार व्यवसायी प्रतिनिधि- १ जना

सदस्य सचिव- पुर्वाधार विकास शाखा प्रमुख श्री ई. मुकेश कुमार यादव

**निर्णय नं. २**

प्रस्ताव नं. २ का विषयमा छलफल गर्दा नेपालको संविधान, २०७२ को धारा २१७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम न्यायिक समितिको लागि तपशीलका सदस्यहरु रहने भनी सर्वसहमतमा निर्णय पारित गरियो।

संयोजक-श्री अरुणा थापा मगर (उपाध्यक्ष)

सदस्य- श्री भुपेन्द्र बस्नेत

सदस्य- श्री गनधमान थापा

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ का विषयमा छलफल गर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा २४ को उपदफा १(ख) बमोजिम शिक्षा समितिको लागि तपशीलका सदस्यहरु रहने भनी सर्वसहमतीमा निर्णय पारित गरियो।

सदस्य- श्री भुपेन्द्र बस्नेत

सदस्य- श्री सुनिता वि.क.

सदस्य- श्री मिलन राई

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ का विषयमा छलफल गर्दा भु-उपयोग ऐन, २०७६ को दफा १८ र भुउपयोग नियमावली, २०७९ को नियम ५ को अधिकार प्रयोग गरी जग्गा वर्गीकरण गरी अभिलेख राख्न सूचना प्रकाशन गर्ने र जग्गा वर्गीकरणको लागि वडाको सिफारिस सहित प्राप्त भएको निवेदनको आधारमा तपशीलका जग्गाधनी, कित्ता नं. को जग्गा वर्गीकरण गर्ने निर्णय पारित गरियो।

| क्र.सं. | जग्गा धनीको नाम | साबिक ठेगाना | हालको ठेगाना | वडा/नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | वर्गीकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | नहेश कुमार राई | ससेश्वर छितापोखरी-२, खोटाङ | दिप्रुङ चुइचम्मा-५, खोटाङ | २ | ३१७ | (१-१४-०-१) / ९५५.७९ व.मि. | आवसीय क्षेत्र | |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ का विषयमा छलफल गर्दा प १ नं. प्रदेश सरकार, गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन , २०७५ दफा ३ को उपदफा ३ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिका अध्यक्षको निजी सचिवको लागि १ जना कर्मचारी नियुक्ति गर्ने र यस दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी आवश्यक भएको हुदाँ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३३ को उपदफा ८ बमोजिम तपसिल पद र संख्यामा कर्मचारीहरु करार सेवा पदपुर्ति गर्ने भनी निर्णय सर्वसहमतीमा पारित गरियो।

| क्र.सं. | पद | सेवा/समूह | सङ्ख्या |
|---|---|---|---|
| १. | सब-ईन्जिनियर | ईन्जिनियरिङ/सिभिल | १ (एक) |
| २. | ब्याकहोलोडर ( हेभी सवारी चालक) | ईन्जिनियरिङ/विविध | १ (एक) |
| ३. | हलुका सवारी चालक | ईन्जिनियरिङ/विविध | १ (एक) |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ का विषयमा छलफल गर्दा गाउँपालिकाभित्र रहेका संघ संस्थाहरु, व्यापार व्यवसायहरुलाई दर्ता गरी संचालन तथा व्यवस्थापनलाई व्यवस्थित बनाउन, गाउँपालिकाको कार्यालयमा अभिलेख व्यवस्थित गर्न र करको दायरामा ल्याई गाउँपालिकाको आन्तरिक स्रोत बढाउने प्रयोजनार्थ दिप्रुङ चुइचुम्मा गाउँपालिकाको संस्था दर्ता ऐन, २०७७, दिप्रुङ चुइचुम्मा गाउँपालिकाको औधोगिक व्यवसाय ऐन, २०७७ र दिप्रुङ चुइचुम्मा गाउँपालिकाको व्यवसाय दर्ता निर्देशिका, २०७५ बमोजिम सबै संघ संस्थाहरु, व्यवसायहरुलाई दर्ता गराउन सूचना प्रकाशन गर्ने र तपसिलका अभिलेख खाता तयार गर्ने भनी निर्णय सर्वसहमतीमा पारित गरियो।

<u>तपशिलः-</u>

दिप्रुङ चुइचुम्मा गाउँपालिका
**गाउँ कार्यापालिकाको कार्यालय**
याङसोलाटार,खोटाङ
**व्यावसाय दर्ता अभिलेख किताब**

| क.स | दर्ता नं | दर्ता मिति | व्यवसायीको नाम | व्यवसायको नाम | किसिम | ठेगाना | करदाता नं | दर्ता गर्ने/अनुमति दिने अधिकृत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

दिप्रुङ चुइचुम्मा गाउँपालिका
**गाउँ कार्यापालिकाको कार्यालय**
याङसोलाटार,खोटाङ
**संस्था दर्ता अभिलेख किताब**


| क.स | दर्ता नं | दर्ता मिति | संस्थाको नाम | ठेगाना | दर्ता गर्ने अधिकृत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

दिप्रुङ चुइचुम्मा गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
याङसोलाटार,खोटाङ
**सहकारी दर्ता अभिलेख किताब**

| क.स | दर्ता नं | दर्ता मिति | सहकारीको नाम | ठेगाना | दर्ता पेश गर्ने सहकारीको पदाधिकारी | दर्ता सिफारिस गर्ने कर्मचारी | दर्ता गर्ने अधिकृत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## निर्णय नं. ७

प्रस्ताव नं. ७ का विषयमा छलफल गर्दा कृषि, कृषि व्यवसाय, पशु व्यवसायलाई प्रवर्द्धन गर्न, व्यावसायीकरण गर्न, गाउँपालिकामा अभिलेख राख्नको लागि अभिलेख राख्ने र दर्ता गर्न सूचना प्रकाशन गर्ने र तपसिलका अभिलेख खाता तयार गर्ने भनी निर्णय सर्वसहमतीमा पारित गरियो।




दिप्रुङ चुइचुम्मा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ

**कृषि तथा पशुपन्क्षी फर्म अभिलेख खाता**

| क्र.सं. | दर्ता नं. | दर्ता मिति | फर्मको नाम | संचालकको नाम थर | संचालकको ठेगाना | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

दिप्रुङ चुइचुम्मा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ

**कृषि तथा पशुपन्क्षी समुह अभिलेख खाता**

| क्र.सं. | दर्ता नं. | दर्ता मिति | समुहको नाम | समुहको प्रतिनिधि नाम थर | समुहको ठेगाना | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ का सम्बन्धमा आ.व. २०७८/७९ मा भएका बजेट खर्च, भौतिक प्रगति, विकास निर्माण, विषयगत शाखाका कार्यक्रमका छलफल र समिक्षा गरी वार्षिक प्रगति

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ का सम्बन्धमा अन्य विषय नभएको हुदाँ आजको कार्यपालिका बैठक अध्यक्षबाट समापन गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत